# जीवनका नियतिहरु

गान्धि राज भट्टराई

४० वर्ष अघि जन्मंदा
ग्रह नक्षत्र सबै जुराएर
अलिकति भविष्यवाणी सहित
गल्छेंडो पारिका पुरेतले न्वारानमा दिएका
राशीको नाम - लक्ष्मी प्रसाद ।

जीवन गुजाराको मेलोमा
चीना, टिपोट, हस्तरेखा हेर्दै
गोलमटोल भविष्यवाणी गर्ने
घुमन्ते ज्योतिषले पनि भनेका -
बालक बहुत तिक्ष्ण छ
राजयोग जन्म परेको छ
दरबारमा जन्मनु पर्ने
चाहिने जो तपाईंको
झुपडीलाई नै महल बनाउनेछ
अलिकति राहुले देखेकोछ
शान्ति स्वस्ती गरिलिनुस् ।
साइत जुराएर रुद्री, पुटिक पाठ गरिए
सत्यनारायणको पुजा संगै
भजन किर्तन र जाग्राम भए
माता पिताले सन्तुष्टीको सास लिए ।

२० वर्ष पहिले
पोखरीटारको स्कुलबाट
लक्ष्मीले मेट्रिक गरे
बहुत हर्ष बढाईं भयो
माता पिताका
खुट्टा भुंईमा टेकिएनन्
बाह्रबिसे खेत सहर्ष बन्धकी बस्यो
पटुकामा दह्रो गांठो कसेर
लक्ष्मी प्रसाद नेपाल हान्निए

१० वर्ष पहिलेसम्म पनि
बन्धकी खेतका फोक्टाहरु निखन्निएनन्
माता पिताको सपनाहरु
विपना भएनन्
जोतिषका भविष्यवाणीहरु
अझै सत्य भएनन्
लक्ष्मी प्रसादले
धनलक्ष्मी भित्राउन सकेनन्
बरु खै के को कृपाले हो
डेरावाल साहुजीकै छोरी भित्राए

साहुबालाई ससुराज्युमा स्थापित गरे,
लक्ष्मीप्रसाद राजधानीमै अल्मलिइरहे ।

दश वर्ष यता
देशमा धेरै परिवर्तनहरु भए
निर्दलीय पंचायत गयो
बहुदलबादी नेताहरुको बोलबाला शुरुभयो
साहुबाको छोरीसंग इलु इलु पर्दा
कलेजको पढाइ बिग्रेर
राजनीतिमा होमिएको काम लाग्यो
नेताजीहरुसंगको संगतको
प्रतिफल हात लाग्यो

लक्ष्मीप्रसाद
कमाउ मन्त्रीका पीए भए
बहदलको जमाना
सबै दलहरुले पालो पैंचो गरे
लक्ष्मी प्रसाद अडि नै रहे
आम्दानी दिन दुना रात चौगुना
बढी नै रह्‌यो
बाह्रबिसे खेत मात्र निखनिएन
बाह्रविघा अरु थपियो
बाह्र ठाउंमा घडेरी जोडिए
लक्ष्मी प्रसाद
सांच्चै लक्ष्मीकै प्रसादमा गनिए
सन्तोषको सास फेर्दै
माता पिता विदा भए ।
राजधानीमा भव्य दरबार ठडियो
लक्ष्मी प्रसाद
अब राजधानीबासी भए
उनी नव कुबेर बने
अनेकौं नेताहरुका चुनाव खर्च
उनकै धनराशी भए ।

यतिखेर
खै के बिग्यो के बिग्यो
ग्रहदशा पनि ठीकै थियो
उल्काको उपचार पनि गरेकै हो
शनिको शान्ति स्वस्ती पनि गरेकै हो
आधारातमा एक्कासी घरमा हलचल भयो
स्तर नमिल्ने भुत्रे इष्टमित्र
आउन छोडेकै थिए
स्तर मिल्नेहरु
भरखरै सोल्टीबाट संगै छुटेका थिए
छिमेकमा बम पड्केको पनि थिएन
बाहिर आंधिबेरी चलेको पनि थिएन

सेना र प्रहरी आफ्नै मान्छे,
माओवादीलाई
मन फुकाएर चन्दा पनि दिएकै थिए
अनि किन यी वर्दीहरु ?
अलि पर अख्तियार देखियो
अनुहार कालो निलो भयो
हेर्दा हेर्दै सबै सिलबन्दी भए
केही बांकी बचेन
परिबार पेटीमा बास बसे
लक्ष्मी प्रसाद हनुमानढोका,
सायद जन्मंदाको राहु टरेको थिएन
धेरै अनुनय पछि पाएको
थोत्रो तौलियाले
अनुहार र टाउको छोप्दै थिए
अख्तियार र गरीब दुनियांका तिखा नजर
त्यही राहु बनेर डस्दै थियो ।

*अवर्न विश्वविद्यालय, अलावामा*
*सेप्टेम्बर ७, २००२*

*प्रथम प्रकाशित*
**सुस्केरा डट कम, अक्टोबर २००२**
http://www.suskera.com